शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ६ | चैत्र २५, २०७५

## भाग-२

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयको
सूचना

# स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्वन्धी मापदण्ड, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ माउल्लेखित स्थानीय तहको अधिकार कार्यान्वयन गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) तथादफा १०२ (२) वमोजिम शिवालय गाउँपालिकाको कार्यपालिकाले व्यवस्थापकीय तथा न्यायिक

जिम्मेवारी सम्पादनका लागि आवश्यक स्थानीय कानूनहरु (ऐन, नियमावली, मापदण्ड, संहिता, आचार संहिता, निर्देशिका, कार्यविधि समेत) निर्माण गर्ने कार्यका लागि परामर्श लिन अपरिहार्य भएको र पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्न आवश्यक भएकाले (यस अगावै निर्माण भै सकेका समेतका लागि) शिवालय गाउँपालिकाको प्रशासकीय(कार्यविधि नियमित गर्ने) ऐन, २०७४ को दफा ४ अनुसार कार्यपालिकावाट यो स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्वन्धी मापदण्ड, २०७५ स्वीकृत गरी लागू गरिएको छ।

# परिच्छेद - १

## प्रारम्भिक

**१. <u>संक्षिप्तनाम र प्रारम्भ :</u>**

(क) यस मापदण्डको नाम "शिवालयगा उँपालिकाको स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्वन्धी मापदण्ड, २०७५" रहेको छ।

(ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित,

(क) "स्थानीयतह" भन्नाले संघीय शासनका तीन तह मध्ये एक स्थानीय तह सम्झनु पर्छ।

(ख) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले संविधान र ऐन वमोजिम स्थापना भएको शिवालय गाउँपालिका सम्झनु पर्छ।

(ङ) "गाउँ सभा" भन्नाले नेपालको संविधानको धारा २२३ र ऐनको दफा १९ वमोजिमको गाउँपालिकाको सभालाई सम्झनु पर्छ।

(च) "गाउँ कार्यपालिका" भन्नाले संविधान र ऐन वमोजिम स्थापना भएको शिवालय गाउँपालिकाको कार्यकारी अंगलाई सम्झनु पर्छ।

(छ) "मापदण्ड"भन्नाले "शिवालयगाउँपालिकाको स्थानीय कानून निर्माणको परामर्श सेवा शुल्क सम्वन्धी मापदण्ड, २०७५ लाई सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाको नियमावलीलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐनको दफा ८४ बमोजिम नेपाल सरकारबाट नियुक्त गरिएको कर्मचारी सम्झनु पर्छ।

**३. मापदण्डको उद्देश्य :**

(क) गाउँपालिकाका सवै स्थानीय कानून उद्देश्यमूलक र जवाफदेहीपूर्ण रुपमा निर्माण गर्ने पद्धति स्थापित गर्ने।

(ख) गाउँपालिकाका कानून निर्माण प्रक्रियालाई सरलीकृत गर्दै कार्यान्वयनमा सहजीकरण गर्ने।

(ग) स्थानीय स्तरमा निर्माण गरिने कानूनको गुणस्तर सुनिश्चित गर्न सहयोग गर्ने।

**४. मापदण्डको कार्य क्षेत्र :** नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गर्दै शिवालय गाउँपालिकाको व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न आवश्यक हुने सवै प्रकारका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, नीति, योजना, मार्ग निर्देशिका, संहिता, आचार संहिता जस्ता कानून निर्माणका लागि आवश्यक परामर्श सेवा खरिद गरी कार्य सम्पादन गर्न गराउन आवश्यक सेवा, सुविधा, पारिश्रमिक निर्धारण र व्यवस्थापन गर्नु यस मापदण्डको कार्य क्षेत्र हुने छ।

## परिच्छेद - २

### परामर्श सेवा लिने

**५. परामर्श सेवालिन सक्ने :**

(क) यस गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा लागु हुने स्थानीय कानून निर्माणका लागि परामर्शदाताको सेवा लिन सक्ने छ।

(ख) उपदफा (क) अनुसारको सेवा लिन प्रचलित कानून अनुसार गाउँपालिकाले कार्य शर्त सहित सोझै सम्झौता गर्न सक्ने छ।

(ग) माथि उल्लेखित उपदफा (क) र (ख) अनुसारको सेवालिन गाउँ सभावाट वजेट स्वीकृत भएको हुनु पर्ने छ।

(घ) उपदफा (क), (ख) र (ग) अनुसारको सेवा खरिदमा प्रचलित कानून अनुसारको कर कट्टी गर्नु पर्ने छ।

## ६. परामर्श सेवाको शुल्कः

(क) यस गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा लागु हुने स्थानीय कानून निर्माणका लागि निम्नानुसारको परामर्श सेवाशुल्कको दरमा सेवा खरिद गर्न सक्ने छ।

(ख) परामर्श शुल्कमा विधायन समितिको वैठक खर्च र सन्दर्भ सामग्री तथा संचार समेत समावेश गरिने छ।

| क्रम संख्या | विभिन्न विषयगत कानुनको प्रकार | पेज | एकमुष्ठ दर | समाविष्ट खर्च क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | **ऐन निर्माण** | | | | |
| १.१ | | कभर वाहेक ५ पेज सम्मको | २५,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| १.२ | | १० पेज सम्मको | ३०,०००। | माथी उल्लेखित नै | |
| १.३ | | १० पेज माथीको | ३५,०००। | माथी उल्लेखित नै | |
| २ | **नियमावली निर्माण** | | | | |
| २.१ | | कभर वाहेक ५ पेज सम्मको | २१,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| २.२ | | १० पेज सम्मको | २५,०००। | माथी उल्लेखित नै | |
| २.३ | | १० पेज माथीको | ३०,०००। | माथी उल्लेखित नै | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **निर्देशिका निर्माण** | | | | |
| ३.१ | | कभर बाहेक ५ पेज सम्मको | १८,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| ३.२ | | १० पेज सम्मको | २१,०००। | माथीउल्लेखित नै | |
| ३.३ | | १० पेज माथीको | २५,०००। | माथीउल्लेखित नै | |
| ४ | **कार्यविधि निर्माण** | | | | |
| ४.१ | | कभर बाहेक ५ पेज सम्मको | १८,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| ४.२ | | १० पेज सम्मको | २१,०००। | माथी उल्लेखित नै | |
| ४.३ | | १० पेज माथीको | २५,०००। | माथी उल्लेखित नै | |
| ५ | **संहिता र आचार संहिता निर्माण** | | | | |
| ५.१ | | कभर बाहेक ५ पेज सम्मको | १८,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| ५.२ | | १० पेज सम्मको | २१,०००। | माथी उल्लेखित नै | |
| ५.३ | | १० पेज माथीको | २५,०००। | माथी उल्लेखित नै | |
| ६ | **मापदण्ड निर्माण** | | | | |
| ६.१ | | कभर बाहेक ५ पेज सम्मको | १५,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचना तथा सञ्चार खर्च | |
| ६.२ | | १० पेज सम्मको | १८,०००। | माथी उल्लेखित नै | |
| ६.३ | | १० पेज माथीको | २१,०००। | माथी उल्लेखित नै | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **अन्य शीर्षक वा नामका कानून निर्माण** | | | | |
| ७.१ | | कभर वाहेक ५ पेज सम्मको | १०,०००। | सन्दर्भ सामग्री अध्ययन र विश्लेषण, मस्यौदा तयारी, वैठक भत्ता, अवस्था विश्लेषण, कम्प्यूटर टाइप, सेटिङ्ग र छपाई, पृष्ठपोषण ग्रहण, सूचनातथा सञ्चार खर्च | |
| ७.२ | | १० पेज सम्मको | १२,०००। | माथी उल्लेखित नै | |
| ७.३ | | १० पेज माथीको | १५,०००। | माथी उल्लेखित नै | |

तर दफावार छलफल गर्नु पर्ने स्थानीय कानुनको हकमा यो मापदण्ड लागु हुने छैन ।

# परिच्छेद - ३

## गुणस्तर सुनिश्चितता

### ७. गुणस्तर सुनिश्चित गर्ने :

(क) परामर्शदातावाट तयार भएका कानूनका मस्यौदा तयारीका क्रममा निम्न पक्षमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, गाउँ सभा सदस्य, विषयगत समिति, शाखा, उपशाखा, इकाई वा अन्य पदाधिकारीहरुले निम्न पक्षमा गुणस्तर सुनिश्चितताका लागि विशेष पहल गर्नु पर्ने छ ।

(१) प्रचलित कानून र वर्तमान सन्दर्भसंगको अनुसार तादाम्यता रहेको वा स्थानीय अवस्था र आवश्यकताको विश्लेषण र विशेषताको सम्वोधन भएको ।

(२) स्थानीय अवस्था र आवश्यकताको विश्लेषण र विशेषताको सम्वोधन भए-नभएको ।

(ख) परामर्शदातालाई उपदफा (क) मा उल्लेखित पदाधिकारीहरुले पृष्ठपोषण उपलव्ध गराउनु पर्ने छ र परामर्शदाताले आवश्यक पृष्ठपोषण ग्रहण गर्नु पर्ने छ ।

(ग) परामर्शदाताले कानूनका मस्यौदा तयार गर्दा उपयुक्त सन्दर्भ सामग्री अध्ययन र समायोजनका साथै सरोकारवालाहरुसंग प्रत्यक्ष वा अप्रत्यक्ष सल्लाह ग्रहण गर्नु पर्ने छ ।

# परिच्छेद - ४

## विविध

८. **व्याख्यागर्न सक्ने :** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार मापदण्डको व्याख्या गर्न सक्ने छ ।

९. **थपघट वा हेरफेर गर्न सक्ने :** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गरी थप घट गर्न वा हेरफेर गर्न सक्ने छ ।

१०. **यसै वमोजिमहुने :** यस मापदण्डमा उल्लेख भएकोमा यस कार्यविधि वमोजिम हुने छ र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानून वमोजिम हुने छ ।

११. **बचाऊ** : गाउँपालिकावाट साविकमा प्रचलित कानून अन्तर्गत कानून निर्माणका लागि परामर्श सेवा खरिद गर्ने विषयमा भए गरेका कामकारवाहीहरू यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

१२. **अमान्य हुने :** यो मापदण्डका कुनै प्रावधानहरू प्रचलित संघीय र प्रादेशिक कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

**आज्ञाले**
**धनीराम शर्मा**
**प्रमुख प्राशसकीय अधिकृत**